तिरहुत गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गोईठी, सप्तरी

मधेश प्रदेश, नेपाल

## करार सेवामा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/१०/०९ गते

तिरहुत गाउँपालिकामा तपसिल बमोजिमको पदहरुको लागि करार सेवामा कर्मचारी पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले १५ (पन्द्र) दिन भित्र आवश्यक कागजातहरु र राजश्व तिरेको रसिद सहित यस गाउँपालिकाको कार्यालयमा आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | विज्ञापन नं. | पद | तह | माँग संख्या | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १ | ७/२०८१/०८२ | स्टाफ नर्स | पाँचौ | १ (एक) | ७००/- |
| २ | ८/२०८१/०८२ | अ.न.मि. | चौथो | ३ (तीन) | ५००/- |
| ३ | ९/२०८१/०८२ | स.कम्प्यूटर अपरेटर | चौथो | ५ (पाँच) | ५००/- |
| ४ | १०/२०८१/०८२ | अमिन | चौथो | ३ (तीन) | ५००/- |
| ५ | ११/२०८१/०८२ | कबिराज (बैद्य) | चौथो | १ (एक) | ५००/- |
| ६ | १२/२०८१/०८२ | पशु सेवा प्राविधिक | चौथो | ३ (तीन) | ५००/- |
| ७ | १३/२०८१/०८२ | नगर प्रहरी नायव निरिक्षक | विविध | १ (एक) | ५००/- |
| ८ | १४/२०८१/०८२ | नगर प्रहरी सहायक निरिक्षक | विविध | १ (एक) | ५००/- |
| ९ | १५/२०८१/०८२ | नगर प्रहरी हवल्दार | विविध | २ (दुई) | ४००/- |
| १० | १६/२०८१/०८२ | नगर प्रहरी | विविध | १० (दश) | ४००/- |
| ११ | १७/२०८१/०८२ | कार्यालय सहयोगी | श्रेणी विहिन | ५ (पाँच) | ३००/- |
| १२ | १८/२०८१/०८२ | पाले | श्रेणी विहिन | ५ (पाँच) | ३००/- |

आवश्यक न्यूनतम शैक्षिक योग्यता :-

(१) स्टाफ नर्स : नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सा विषयमा प्रविणता प्रमाण पत्र तह उतिर्ण तथा सम्बन्धीत काउन्सिलमा दर्ता भएको।(दरखास्त दिने अन्तिम दिन सम्म १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।)

(२) अ.न.मि. : नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. १८ महिने कोर्ष उतिर्ण तथा सम्बन्धीत काउन्सिलमा दर्ता भएको। (दरखास्त दिने अन्तिम दिन सम्म १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।)

(३) सहायक कम्प्यूटर अपरेटर : नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सि./एस.ई.ई. उतिर्ण गरी मान्यता प्राप्त कम्प्यूटर इन्स्टिच्यूटबाट ६ महिनाको तालिम प्राप्त गरेको। (दरखास्त दिने अन्तिम दिन सम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।)

(४) अमिन : अमिन पदको लागि कम्तिमा प्रवेशिका उतिर्ण भई प्राविधिक तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट अमिन कोर्ष पुरा गरेको। (दरखास्त दिने अन्तिम दिन सम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।)

(५) कबिराज (बैद्य) : मान्यता प्राप्त शिक्षण संस्थाबाट आवश्यक न्यूनतम शैक्षिक उपाधि प्राप्त गरी सम्बन्धीत काउन्सिल दर्ताको प्रमाण-पत्र लिएको। (दरखास्त दिने अन्तिम दिन सम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।)

(६) पशु सेवा प्राविधिक : मान्यता प्राप्त शिक्षण संस्थाबाट आवश्यक न्यूनतम शैक्षिक उपाधि प्राप्त गरी सम्बन्धीत काउन्सिल दर्ताको प्रमाण-पत्र लिएको। (दरखास्त दिने अन्तिम दिन सम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।)

(७) कार्यालय सहयोगी : साधारण पढलेख गर्न जान्ने। (दरखास्त दिने अन्तिम दिन सम्म १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

(८) पाले : साधारण पढलेख गर्न जान्ने। (दरखास्त दिने अन्तिम दिन सम्म १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

दरखास्त दिने स्थान : तिरहुत गाउँपालिकाको कार्यालय, गोईठी, सप्तरी।

दरखास्त दिने अन्तिम मिति : सूचना प्रकाशित भएको मितिले १५ (पन्द्रह) दिन कार्यालय समय भित्र, सो दिन सार्वजनिक बिदा परेको खण्डमा सोको भोली पल्ट कार्यालय खुलेको दिन।

आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु : आवेदक स्वयंमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातहरुको प्रतिलिपी।

(क) कार्यालयबाट उपलब्ध आवेदन फाराम।

(ख) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी।

(ग) समकक्षता आवश्यक पर्ने भए सोको प्रतिलिपी ।
(घ) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी ।
(ङ) विषयगत क्षेत्रका लागि आवश्यक पर्ने परिषद्मा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपी ।
(च) हाल सालै खिचेको पासपोर्ट साईजको फोटो -३ प्रति ।
(छ) परिक्षा दस्तुर वापत बैंक दाखिला गरेको बैंक भौचर ।

परिक्षाको किसिम : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित, प्रयोगात्मक तथा अन्तरवार्ता परिक्षा ।
(पद अनुसार परिक्षाको किसिम फरक हुनेछ ।)

तलब तथा सेवा सुविधा : प्रचलित कानून वा कार्यपालिकाले तोके बमोजिम तलब तथा सेवा सुविधा पाउने छ ।

दरखास्त दस्तुर : तिरहुत गा.पा.को आन्तरिक राजश्व खाता नं. 2332050029509002 एन.आई.सि. एसिया बैंकमा जम्मा गरी सोको बैंक भौचर दरखास्त साथ पेश गर्नु पर्नेछ । साथै विस्तृत विवरण बेवसाईट https://tirahutmun.gov.np हेर्न सकिने छ ।

अन्य :

(क) भविष्यमा सरकारी सेवा निमित्त अयोग्य ठहरिने गरि सेवाबाट बर्खास्त नभएको ।
(ख) प्रचलित कानून बमोजिम अयोग्य नभएको ।
(ग) यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ ।
(घ) आवेदन फाराम यस गाउँपालिकामा सूचनामा तोकिएको परिक्षा दस्तुर जम्मा गरेको बैंक सक्कल भौचर पेश गरी प्राप्त गर्न सकिने छ ।
(ङ) माथि उल्लेखित पदहरुको सन्दर्भमा नेपाल सरकारबाट ऐन, नियम, कार्यविधी र निर्देशिकामा प्रचलित व्यवस्था भए बमोजिम हुनेछ ।

नगर प्रहरी नायव निरिक्षक, नगर प्रहरी सहायक निरिक्षक, नगर प्रहरी हवल्दार तथा नगर प्रहरी जबानको हकमा अन्य केही थप शर्तहरु :

(क) उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
(ख) न्यूनतम शैक्षिक योग्यता : नगर प्रहरी नायव निरिक्षक तथा नगर प्रहरी सहायक निरिक्षकको हकमा प्रविणता पत्र उतिर्ण गरेको, नगर प्रहरी हवल्दारको हकमा एस.एल.सि./एस.ई.ई. उतिर्ण गरेको र नगर प्रहरी जबानको हकमा कक्षा ८ (आठ) उतिर्ण गरेको तथा शारिरीक रुपले तन्दुरुस्त भएको ।
(ग) परिक्षा कार्यक्रम दरखास्त स्वीकृत भएका उम्मेदवारको शारीरिक तन्दुरुस्तीको परिक्षण पश्चात लिखित, अन्तर्वार्ताको मिति प्रकाशन गरिने छ ।
(घ) दरखास्त साथ नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यता प्राप्तको प्रतिलिपी अनिवार्य संलग्न गर्नु पर्नेछ ।
(ङ) तिरहुत गाउँपालिका क्षेत्र भित्रका उम्मेदवारलाई विशेष ग्राहयता प्रदान गरिनेछ ।
(च) शारिरीक परिक्षणको लागि मापदण्ड :

| क्र.सं. | विवरण | पुरुष (न्यूनतम) |
|---|---|---|
| १ | उचाई | ५ फिट २ इन्च |
| २ | छाती | ३१-३३ इन्च |
| ३ | बजन | ५० के.जि. |
| ४ | आँखा परिक्षण | +२ देखि -२ भन्दा कमजोर नभएको वा सो सरहको आँखा जाँच रिपोर्ट |

अन्य :

(क) भविष्यमा सरकारी सेवा निमित्त अयोग्य ठहरिने गरि सेवाबाट बर्खास्त नभएको ।
(ख) प्रचलित कानून बमोजिम अयोग्य नभएको ।
(ग) यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ ।
(घ) आवेदन फाराम यस गाउँपालिकामा सूचनामा तोकिएको परिक्षा दस्तुर तिरी प्राप्त गर्न सकिने छ ।
(ङ) माथि उल्लेखित पदहरुको सन्दर्भमा नेपाल सरकारबाट ऐन, नियम, कार्यविधी र निर्देशिकामा प्रचलित व्यवस्था भए बमोजिम हुनेछ ।

..........................................
संयोजक
(पदपूर्ति समिति)
तिरहुत गाउँपालिका